# बाल संरक्षण नीति, २०८१

कार्यपालिका बाट स्वीकृत मिति :२०८१।०९।२४

केदारस्यूँ गाँउपालिका

## केदारस्युँ गाँउपालिका
## बझाङ
## सुदूरपश्चिम प्रदेश, नेपाल

# बाल संरक्षण नीति-२०८१

कार्यपालिका बाट स्वीकृत मिति :२०८१।०९।२४

## १. पृष्ठभूमि :

बालबालिका समाज तथा राष्ट्रका भविष्य मात्र नभएर वर्तमान पनि हुन् । बालबालिकाहरुको वर्तमान राम्रो वनाउन सकेमात्र असल भविष्य सुनिश्चित गर्न सकिन्छ । शारीरिक, मानसिक र संवेगात्मक रुपमा पूर्ण विकासको क्रममा रहेका बालबालिकाहरुको बालापन संरक्षण गर्नु राज्यको प्रथम दायित्व हो ।आजका बालबालिकाहरु भोलीका अभिभावक हुन् । परिवार, समाज र देश हाँक्ने, राष्ट्रसेवा र समाज सेवा गर्ने दक्ष जनशक्ति तयार गर्नका लागि बालबालिकाहरुलाई बिभिन्त्र क्रियाकलापहरुमा सहभागि गराउन आवश्यक छ । बिशेष गरि निर्णय र कार्यान्वयन प्रक्रियामा बालबालिकाको सहभागिता अपरिहार्य रहेको छ ।

बालबालिका भनेका आज अर्काको सहारामा बाँच्नु पर्ने अपरिपक्व व्यक्ति र भविष्यका संरक्षक वा नीति निर्माता हुन् । धर्तीमा पाईला टेक्ने बित्तिकै बालकलाई संरक्षणको आवश्यकता पर्दछ । उनीहरु आफ्नो हित अहितका वारेमा सोच्न सक्दैनन् । यसैको नाजायज फाइदा लिई बालबालिका प्रति धेरै प्रकारका दुर्व्यवहारहरु हुन सक्दछन् । त्यसैले आज उनीहरुलाई असल अभिभाव तथा संरक्षकको आवश्यकता पर्दछ । बालबालिकालाई जन्मनु अघि र जन्मेपछि उचित स्याहार, पालनपोषण, शिक्षादिक्षा तथा हकअधिकारको संरक्षण गरी देशको योग्य नेतृत्व दिने नागरिक बनाउनु सम्बन्धित सवैको दायित्व हो । हामीले हरेक बालबालिकाको सवाललाई सम्बोधन हुने गरि आज नीति, योजना र कार्य गर्न सकेको खण्डमा मात्र आमाले असल सन्तान प्राप्त गर्नसक्नेछन् र देशले असल नागरिक प्राप्त गर्न सक्छनेछ ।

नेपालले सन १९९०, सेप्टेम्बर १४ तारेखको दिन संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धि महासन्धि १९८९ लाई अनुमोदन गरि बालबालिकाको संरक्षण, बाल बचाउ, बाल विकास र बाल सहभागीताका क्षेत्रका काम गर्ने प्रतिवद्धता जाहेर गरेको छ । साथै बालश्रम उन्मुलन सम्बन्धि आइ.एल.ओ. महासन्धि १९९९ लगायतका सन्धिहरु समेत नेपालले अनुमोदन गरि सकेको छ । बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण विरुद्धका कार्य निषेध गर्ने उद्देश्य अनुसार बनेका- बालअधिकार महासन्धिको स्वेच्छिक प्रोटोकल २००० र सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग तथा संलग्नताका विरुद्ध बनेको सोही मितिको अर्को प्राटोकल समेत अनुमोदन गरिनु र देशको मुल कानूनमा नै बालबालिका सम्बन्धि हक सुरक्षित गरिनुबाट बालबालिकाको समग्र हित संरक्षणमा राज्यको अग्रसरता सकारात्मक रहेको मान्नु पर्दछ ।

नेपालको संविधान, २०७२ धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्वीकार गर्दै उनीहरुका विभिन्न हकहरुको उल्लेख गरेको छ । वर्तमान नेपालको संविधानले प्रदान गरेको

अधिकारलाई प्रयोग गर्दै बाल अधिकारलाई थप व्यवस्थित गर्न बालबालिका सम्बन्धी ऐन २०७५ जारी भएको छ । बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, संम्वर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निमार्ण गरी बालबालिकाकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानुनहरु तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनिय भएकोले केदारस्युँ गाँउपालिकाले स्थानीय सरकार संचालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बाल संरक्षण नीति २०८१ पारित गरिएको छ ।

**२. बालबालिकाको क्षेत्रमा भएका प्रयासहरु**

**अन्तराष्ट्रिय**

प्रथम बिश्वयुद्धबाट बालबालिकामा परेको असरलाई ध्यानमा राख्दै एग्लेन्टाईन जे ले बालबालिकाको हितमा आवाज उठाइन् । पीडित बालबालिकाका नाङ्गा र आँशु सहितका फोटाहरु बिश्वभरी प्रचार गरिन् । उनले बालबालिकाहरुमाथी हुने हिंसालाई आधार बनाउँदै बालअधिकार अन्दोलन सञ्चालन गरिन् । त्यही अभियान स्वरुप सन १९२४ मा बालअधिकार सम्वन्धी ५ बुँदे घोषणा पत्र जारी भयो । मानवअधिकारको बिश्वव्यापी घोषणा पत्र (१० डिसिम्वर, १९४८) धारा २५ अनुसार शिशुहरुलाई विशेष स्याहार र सहायता पाउने र विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाहरुले समान सामाजिक संरक्षण पाउने व्यवस्था छ । बालअधिकार सम्वन्धी संयुक्त राष्ट्र संघीय घोषणा पत्र, १९५९, नागरिक तथा राजनीति अधिकार सम्वन्धी अन्तराष्ट्रिय प्रतिज्ञा पत्र, १९६६ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्वन्धी अन्तराष्ट्रिय प्रतिज्ञा पत्र, १९६६ ले बालअधिकारलाई सुरक्षित गर्ने व्यवस्था गरेको छ ।
संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि (१९८९) ले बालअधिकारका ४ आधारभूत

सिद्धान्त तय गरेको छ । जसमा **पहिलो**, भेदभाव गर्नु हुँदैन, **दोश्रो**, उनीहरुको बाँच्न पाउने हक सुनिश्चित गर्नु पर्छ, उनीहरुलाई पनि दीर्घ जीवन र विकास हक छ, **तेश्रो**, बालबालिकाहरुलाई पनि बिचार अभिव्यक्तिको स्वतन्त्रता छ र त्यसको कदर गरिनु पर्छ र **चौथो**, बालबालिकाको सर्बोत्तम हितलाई ध्यान दिनु पर्छ भन्ने व्यवस्था उल्लेख गरेको छ । यस्तै महासन्धिले बालअधिकारका ४ आधारभूत पक्षहरु पनि तय गरेको छ । जसमा बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार र विकासको अधिकार रहेका छन् । महासन्धिका तीनवटा ईच्छाधिन आलेखहरु पनि राष्ट्र संघले जारी गरेको छ । दिगो विकास लक्ष (२०१६-३०) ले निर्दिष्ट गरेका लक्ष्य तथा सूचकहरूले वाल स्वास्थ्य, वाल शिक्षा, वाल विकास, वाल संरक्षण जस्ता विषयहरुलाई सम्वोधन गरेको छ । यसले बालबिबाहलाई लक्ष्यको प्राप्तिको लागि एक बाधकका रुपमा पहिचान गरि कार्यसूचीमा बालबिबाह अन्त्य गर्ने बिषयलाई प्राथमिकताका साथ समाबेश गरिएको छ ।

**राष्ट्रिय**

नेपालमा बालबालिका सम्वन्धी थुप्रै नीतिगत तथा कानूनी व्यवस्था गरेको छ । नेपालको संबिधानमा मौलिक हकभित्रै बालबालिकाको हकको वयवस्था गरेको छ । जसमा प्रत्येक बालबालिकालाई आफ्नो

केदारस्युँ गाउँपालिका

पहिचान सहित नामकरण र जन्मदर्ता, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकास, प्रारम्भिक बाल विकास तथा बाल सहभागिता, जोखिमपूर्ण काममा लगाउन नपाईने, बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न नपाईने, शारीरिक वा मानसिक यातना दिन नपाईने जस्ता हकहरु सुनिश्चित गरेको छ ।
बालबालिकाको क्षेत्रमा कामगर्न सरकारले राष्ट्रियस्तरमा माहिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद्, बालसंरक्षण तथा विकास शाखा, केन्द्रीय बाल न्याय समिति जस्ता संयन्त्रहरु वनाएको छ ।

**प्रदेशस्तर**

प्रदेश संरचना सञ्चालनमा आएको छोटो अवधीमा पनि बालबालिकाको क्षेत्रमा सुदूरपश्चिम प्रदेश सरकारले केही प्रयासहरु गरेको छ । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय, बालअधिकार तथा सामाजिक न्याय शाखा, प्रदेशस्तरीय बालअधिकार समिति गठन गरेको छ । सुदूरपश्चिम प्रदेशस्तरीय किशोरी सम्मेलन सम्पन्न गरेको छ र सो सम्मेलनले प्रदेशस्तरीय किशोरीको सञ्जाल निर्माण गरेको छ । यस्तै, प्रदेश स्वास्थ्य नीति, अपाङ्गता भएका बालबालिका पहिचान र उपचार सञ्चालन कार्यविधि, २०७८, एकिकृत छात्रबृत्ति व्यवस्थापन निर्देशिका, २०७६, सानै छु म बढ्न देउ बालविवाह होइन, पढ्न देउ अभियान कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ लगायतका कार्यविधिहरु तयार गरि कार्यान्वयनमा रहेका छन् ।

**स्थानीय तहमा**

मुलुक संघीय संरचनामा प्रवेश गरी सके पछि नयाँ संरचना अनुसार स्थानीय सरकारको गठन भएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ कार्यान्वयनमा आएकोछ । विगतको स्थानीय निकाय स्थानीय तहमा रुपान्तरण भएको छ । नयाँ संरचनामा पश्चात स्थानीय सरकारले प्रत्येक बर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन भइरहेको छ । जसमा बालबालिकाको लागि बजेटको ब्यवस्था गरिएको भएता पनि स्पष्ट नीतिको अभावमा प्रतिफल देखिनेगरी खासै काम हुन सकेको छैन । विगतमा स्थानीय निकायहरुले बालबालिकाका लागि १५ प्रतिशत बजेट बिनियोजन गर्ने प्रावधान रहेको थियो । केदारस्युँ गाँउपालिका वासीको सचेतना वृद्धि तथा क्षमता विकासको लागि सरकारी तथा गैरसरकारी निकायहरुको समन्वयमा विभिन्न कार्यक्रम संचालन गर्दै आएका छन् । यस पालिकाले बालबालिकाको अवस्था बिष्लेषण गरी बालबालिकाको अधिकार र संरक्षण गर्न ५ बर्षे रणनीतिक योजना तयार भएको छ । स्थानीय तह र वडामा बाल अधिकार समिति गठन गरी बाल अधिकार तथा बाल संरक्षण कार्यलाई निरन्तरता दिदैआएको छ , सबै प्रकारका हिंसा प्रभावित महिला तथा बालबालिकाहरुको लागि न्यायिक समिति क्रियाशिल रहेको छ । वडा , समुदाय र विद्यालय स्तरमा बाल क्लब गठन तथा परिचालन गरी बालबालिकाको क्षमता विकास जस्ता गतिविधीहरु संचालनमा छन् । सबै बिध्यालयमा किशोरकिशोरी मैत्री सूचना केन्द्र , वालबिबाह अन्त्यका लागि ५ बर्षे रणनीतिक योजना निर्माण , बार्षिक योजना तर्जुमा प्रक्रियामा बालक्लवको सहभागिता गराएको छ । सम्पूर्ण बालबालिकाहरुलाई सबै प्रकारका खोप उपलब्ध गरी बालबालिका लाई संरक्षणको लागि वालकोष स्थापना गरिएको छ ।

केदारस्युँ गाउँपालिका

विगतमा बाल संरक्षणको क्षेत्रमा गरिएका प्रयासहरुलाई संस्थागत गर्दै स्थानीय तहमा बाल संरक्षण संयन्त्रको स्थापना गर्न, बाल संरक्षण प्रणाली सुदृढीकरण गर्न, बाल संरक्षणका सवालहरु संम्बोधन गर्न, बालमैत्री वातावरण तयार गर्न, बालबालिकामा हुने जोखिमलाई न्यूनिकरण गरी सुरक्षित वातावरण तयार गर्न, बालबालिका क्षेत्रमा लगानीको योजना सुनिश्चित गर्नको लागि स्पष्ट नीतिको अभाव रहेको कारण यो बाल संरक्षण नीति तर्जुमा गरिएको छ ।

**३. हालको अवस्था :**

बझाङ जिल्ला सुदुरपश्चिम प्रदेशको एक हिमाली जिल्ला हो । यो जिल्लामा १० वटा गाउँपालिका र २ वटा नगरपालिका गरी १२ वटा स्थानीय तह रहेका छन् । जसमध्ये केदारस्युँ गाउँपालिका एक हो । बझाङ जिल्लाको दक्षिण तथा पश्चिमी भागमा अवस्थित केदारस्युँ गाउँपालिका जिल्लाको कुल क्षेत्रफलको ३.३ प्रतिशत भुभाग ओगटेर ११३.९१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रुपले महत्वपूर्ण क्षेत्र हो । यस गाउँपालिकाको पूर्वमा दुर्गाथली, पश्चिममा वित्थडचिर गाउँपालिका र दक्षिणमा थलारा गाउँपालिका र उत्तरमा बुंगल नगरपालिका सँग सिमाना जोडिएको छ । यस गाउँपालिका खुलादिशा मुक्त, पूर्ण खोप र पुर्ण साक्षर गाउँपालिका घोषणा भइसेकेको छ । संघीय संरचनाअनुसार सुदूर पश्चिम प्रदेश अन्तर्गत पर्ने यस गाउँपालिका साविकका रायल, बाँफ, भामचौर र भैरवनाथ गरि जम्मा ४ (चार) वटा गा.वि.स मिलेर बनेको छ भने हाल यस गाउँपालिका अन्तर्गत ९ वटा वडा रहेका छन् ।

गाउँपालिकाका ४२९६ वटा घरघुरीमा २१३१२ रहकोमा उक्त मध्ये १००३५ जना १८ वर्ष मुनिका बालबालिका रहेका छन, जुन कुल जनसंख्याको करिव ४७ प्रतिशत हुन आउँदछ । बालबालिकाको अधिकार सुनिश्चित गर्ने पहिलो कानुनी आधार नै जन्म दर्ता भएपनि यस गाउँपालिकामा बालबालिकाको ११.७ प्रतिशत अझै जन्म दर्ता गराएका छैनन । अभिवावकहरुले जन्म दर्तालाई महत्व दिएको देखिदैन र काम परेपछि मात्र जन्म दर्ता गराउने परिपाटी रहेको पाइन्छ ।
स्वास्थ्य तथा सरसफाईको अवस्था हेर्दा गत बर्ष पुर्ण खोप पाएका बालबालिका ९५ प्रतिसत रहेको देखिन्छ ।
बालबालिकाको शैक्षिक अवस्था विश्लेषण गर्दा ९४४९ जना बिध्यालयमा भर्ना भएका छन् बिध्यालय भन्दा बाहिर रहेका बालबालिकाको संख्या १०५ रहेको देखिन्छन् । भर्ना भएका बालबालिकाहरु मध्ये ९००९ बालबालिकाहरु सामुदायिक विद्यालयहरुमा र ४४० बालबालिकाहरु नीजि वा बोर्डिङ्गमा भर्ना भएका छन् ।

नेपाल सरकारले बालबालिका सम्बन्धि थालिएका हरेक कार्यहरुले आशातित उपलब्धि हासिल गर्न नसके पनि राज्यले बालबालिका सम्बन्धी विभिन्न कानूनको निर्माण गरि बालबालिकाका हकहित सुरक्षित गरेको छ । साथै संघीय, प्रादेशिक र स्थानीय तहसम्म बालबालिका सम्बन्धी काम गर्ने संयन्त्र निर्माण गर्नको लागि कानुनी व्यवस्था गरेको छ । बालबालिका सम्बन्धि ऐन २०७५ ले बाल अधिकार प्रर्वद्धन तथा बाल संरक्षण गर्न स्थानीय सरकारलाई दायित्व सृजना गरेको छ ।

बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी, ऐन कानुनले प्राथमिकताका साथ महत्व दिएको भए पनि यस गाउँपालिकामा कतिपय बालबालिकाका शिक्षाको पहुँचबाट बाहिर छन्क कतिपय बालबालिकाले पोषणयुक्त खानेकुरा पाएका छैनन् ,

जातीय भेदभाव कायम रहेको छ , बालबिबाहको तथ्यांक पालिकामा  नभए पनि बालबिबाह कायम रहेको छ, सामाजिक संञ्जालको दुरुपयोग भएको छ । कठिन भौगोलिकताको कारण बालबालिकाको खेलकुदमा पहुँच पुऱ्याउन जटिल समस्या छ । बालबालिकालाई प्रयोग गरिने भाषा सम्मानजनक छैन, विद्यालयमा पुरस्कार हौसला भन्दा दण्ड दिने प्रवृत्ति रहेको छ, बालमैत्री शिक्षण पद्धतिको प्रयोग छैन ।,बालबालिकाहरु कुपोषण, गरिवी  समस्याबाट ग्रस्त छन्  ।

अभिभावक, शिक्षक तथा सरोकारवालाहरु बाल संरक्षणको सवालमा संवेदनशिल भएको पाइदैन । बालमैत्री संरचना, बालमैत्री सोच र व्यवहार नभएको हुदा गाउँपालिकामा बाल संरक्षणका विविध मुद्दाहरु देखिएका छन् । घर परिवारमा नै बालबालिकालाई जोखिमपूर्ण कामहरु गर्न लगाउने गरिन्छ ।  बालबालिकालाई मदिरा,धुम्रपान तथा मध्यपान लिन पसलमा पठाउने गर्नाले उनीहरु कम उमेरमै लागु पदार्थको जोखिममा पर्ने अवस्था छ । पारिवारिक बिखण्डन, गरिवी लगायत विविध कारणले अनाथ असहाय, अपाङ्गता  र सहाराविहिन भएका बालबालिकाको संख्या उल्लेख्य छ  ।

### ४. बालबालिका सम्बन्धी विद्यमान राष्ट्रिय ऐन कानूनहरु

बाल संरक्षण सम्बन्धि कार्य सम्पादन गर्न तयार भएका कानून, नीति, रणनीति तथा मार्गदर्शन-

- नेपालको संविधान २०७२
- बालबालिका सम्बन्धी ऐन, २०७५,
- बालबालिका सम्वन्धी नियमावली, २०७८,
- बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६,
- बाल न्याय कार्यविधि नियमावली, २०६३,
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०७४,
- बालश्रम निवारण राष्ट्रिय गुरुयोजना (२०७५-०८५)
- बालबालिका सम्वन्धी राष्ट्रिय रणनीति, २०६९
- बाल सहभागिता निर्देशिका, २०६३,
- बालबिवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२,
- सडक बालबालिका उद्धार तथा व्यवस्थापन सम्वन्धी एकिकृत कार्यविधि, २०७६,
- प्रारम्भिक बालविकास केन्द्र राष्ट्रिय रणनीति, २०७७-८८
- दिगो विकास लक्ष्य अनुसार नेपालले सन २०३० सम्ममा बालबिवाह अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।
- स्थानीय सरकार संचालन ऐन २०७४
- मुलुकी देवानी संहिता ऐन २०७४
- मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४
- बाल हेल्पलाईन सञ्चालन कार्यविधि, २०६४
- बालन्याय कार्यविधि नियमावली, २०६३
- लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि, २०६८

केदारस्युँ गाउँपालिका

●सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२

●मानव बेचबिखन तथा ओसारपसार बाट पीडित र प्रभावितहरुको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यनतम मापदण्ड, २०६८

●आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०६९

**बालअधिकारको विभिन्न क्षेत्रसँग सम्बन्धित अन्य नीति, रणनीति तथा मार्गदर्शन-**

- (आन्तरिक रुपमा विस्थापित व्यक्तिसम्बन्धि राष्ट्रिय नीति, २०६३
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६
- जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८
- गुनासो सुनुवाई कार्यविधि, २०६३
- बाल हेल्पलाईन सञ्चालन कार्यविधि, २०६४
- विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७
- गुणस्तरिय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६
- लागु औषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम संचालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६

**४.बालबालिका विद्यमान समस्या, चुनौती र अवसरहरु**

**क) समस्या**

- बालविवाह दर उच्च रहेको छ , पहिलेको जस्तो अभिभावकको सहमतिमा हुने बालविबाह दर न्यून भएको छ  तर सामाजिक सञ्जाल र सञ्चार उपकरणको दुरुपयोगका कारण सानै उमेरमा भागेर बिवाह गर्नेको संख्या बढ्दो छ ।
- बालबिवाहले बालबालिकाको बृद्धि र विकासमा असर पारिरहेको छ । बालबिवाहकै कारण बिचमै कक्षा छोड्ने, किशोरावस्थामै आमा बुवा बन्नु पर्ने अवस्था रहेको छ ।
- बालबालिकाहरुले घरायसी जोखिमपूर्ण श्रम गर्नु पर्ने अवस्था छ , श्रमिक बालबालिकाहरुको संख्यामा खासै कमी आएको देखिदैन । जसले गर्दा गर्दा उनीहरुको बालअधिकार संरक्षणमा समस्या आएको छ ।

केदारस्यूँ गाउँपालिका

- बालबालिकामाथी यौन दुर्व्यवहार/यौन शोषण हुने घटनामा कमी आउन सकेको छैन । उनीहरु हिंसा र दुर्व्यवहारमा पर्ने गरेका छन् ।
- कुपोषण, गम्भिर प्रकृतिका रोगहरुको उपचार, नसर्ने रोगहरुबाट सुरक्षा, संक्रामक रोग, दुर्घटना र चोटपटकबाट सुरक्षा, मानसिक स्वास्थ्यका समस्याहरु देखा परेका छन् ।
- बालबालिकाको बिद्यालय भर्ना हुने दरमा उल्लेख्य प्रगति भएको छ तर बिद्यालय नियमित नजाने, बिचमै कक्षा छोड्ने समस्या छ ।
- विद्यालयभित्र बालमैत्री शिक्षण सिकाइ नहुनु, भौतिक संरचनाहरु बालमैत्री र अपाङ्गतामैत्री नहुनु, प्राविधिक शिक्षामा बालबालिकाको सहज पहुँच नहुनु जस्ता समस्याहरु रहेका छन् । बिद्यालय भर्नाका लागि अनिवार्य आधारको रुपमा रहेको जन्मदर्ता पनि समयमै भईरहेको पाईदैन ।
- अपाङ्गता भएका बालबलिकाहरुका लागि विशेष कक्षाहरु पर्याप्त मात्रामा छैनन् , संरक्षणको आवश्यकता भएका सवै प्रकारका अपाङ्गता भएका बालबालिकाको समस्या सम्वोदन गर्न सकिएको छैन ।
- बिगतको तुलनामा दलित बालबालिकाहरुमाथी विद्यालय तथा समुदायमा हुने विभेदमा कमी आएको छ तर अझै जातीय छुवाछुत कायमै छ ,
- लैङ्गिक बिभेदको ,गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्दै छोरीको हकमा गर्भपतन गराउने हानिकारक अभ्यास बढ्दै गईरहेको छ ।
- बालबालिकासँग सम्बन्धित खण्डीकृत तथ्याङ्क राख्न सकिएको छैन ।
- निर्णय प्रक्रियामा बालबालिकाहरुको सहभागिता न्यून हुनु ।
- बालबालिकाहरुको क्षमता विकासका लागि अभ्यास गर्ने बालबालिकाहरुकै संस्थागत संरचनाहरु बाल क्लब/बालक्लव सञ्जाललाई ब्यबस्थित नियमित गर्न सकिएको छैन ।
- किशोरकिशोरीहरुलाई बृहत यौनिक शिक्षाको बिषयमा सचेत गराउन सकिएको छैन ।
- खेलकुद क्षेत्रमा बालबालिकाहरुको न्युन पहुँच हुनु ।
- बालबालिकाको क्षेत्रमा पर्याप्त वजेट बिनियोजन गर्न नसक्नु ।
- सौतेनी आमाबाट बालबालिकालाई बिभेद कायम रहनु ।

ख) चुनौती

- राज्यले वनाएका नीति, कानून र कार्यक्रमहरुको प्रभावकारी रुपका कार्यान्वयन हुन नसक्नु ।
- संघ, प्रदेश र स्थानीय तह बीच बालअधिकारको सवालमा समन्वय र सहकार्य कम हुनु ।
- स्थानीय तहमा बालबालिकाहरुको खण्डिकृत तथ्याङ्क संकलन र अद्यावधिक हुन नसक्नु ।
- बालबालिकामाथी हुने बिभेद, हिंसा, दुर्व्यवहारहरु अन्त्य गर्नका लागि परिवार र समुदायलाई सचेतीकरण गर्न नसक्नु ।
- अभिभावक शिक्षा र अभिभावक सशक्तिकरण कार्यक्रमहरु सञ्चालन हुन नसक्नु ।
- बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थागत संरचनाहरुको क्षमता विकास गरि उनीहरुलाई स्रोत साधन सम्पन्न वनाउन नसक्नु ।

- राज्यका हरेक निकायमा बाल सहभागिता न्यून हुनु ।
- बालबालिकाका समस्याहरुमा पर्याप्त अध्ययन अनुसन्धान तथा सूचना व्यवस्थापन हुन नसक्नु ।
- प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी सोको आधारमा अग्रगामी दिशा पहिल्याउनु नसक्नु ।
- कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा बालबालिकाहरु बिभिन्न अपराधका शिकार भईरहेका छन् ।
- राजनीति प्रतिवद्धताको कार्यान्वयन नहुनु, बालमैत्री पूर्वाधार नहुनु, भेदभाव र असमानता, पारिवारीक विग्रह, अनाथ तथा असहाय बालबालिकाको दिर्घकालिन व्यवस्थापनमा कठिनाई हुनु
- बाल संरक्षणको विषयलाई प्राथमिकता नदिनु, बालबालिका सम्बन्धी क्षेत्रमा काम गर्ने निकायहरु वीच उचित समन्वयको कमि, बालबालिका क्षेत्रमा लगानी योजना नहुनु ।
- बालमैत्री पूवाधारको अभाव रहनु ।

**ग) अवसर**

- संविधानले स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रभित्र रही नीति, कानून र योजना वनाउने अधिकारको उपभोग गर्न पाउनु ।
- बालअधिकारको संरक्षण गरि उत्कृष्ठ स्थानीय तह बन्ने अवसर छ ।
- बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कार्यहरु गर्न अन्तराष्ट्रिय/ राष्ट्रिय गैससहरु र नीजि क्षेत्रसंग समन्वय र सहकार्य गर्ने अवसर छ ।
- राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति एवम् केन्द्रीय बालन्याय समिति, जिल्ला बालन्याय समिति जस्ता बालबालिकासँग सम्बन्धित संरचनाको कानुनी व्यवस्था हुनुले बालबालिकाको क्षेत्रमा प्रशस्तै कार्यहरु गर्ने अवसर छ ।
- बालबालिकाले समयमै उचित सेवा सुविधा तथा न्याय पाउने सम्भावना तथा अवसर छ ।
- बालमैत्री स्थानीय शासनका विषयहरु, बालश्रम मुक्त क्षेत्र, बाल विवाह न्युनिकरणका छाउपडी प्रथा जस्ता परम्परागत हानिकारक अभ्यास न्युनिकरणका विषयहरु अभियानका रुपमा संचालन गर्ने अवसर छ ।
- राष्ट्रिय बालअधिकार नीति, बालअधिकारको क्षेत्रमा बनेका बिभिन्न राष्ट्रिय रणनीतिहरु र दिगो विकास लक्ष्यहरुमा व्यवस्था भएका बालअधिकारका बिषयहरुको कार्यान्वयन गरी बालअधिकारको प्रत्याभुत गराउन सक्ने अवसर रहेको छ ।
- बालबालिकाहरुलाई शिक्षा स्वास्थय मनोरञ्जन र भौतिक पूर्वाधारमा सहज हुनु ।
- बालमैत्री स्थानीय शासन घोषणा गर्ने अवसर रहेको छ ।

## ५. बाल संरक्षण नीतिको आबश्यकता र औचित्य

बालबालिकाको अवस्था, समस्या, चुनौती र अवसरहरुलाई मध्यनजर गर्दै केदारस्युँ गाउँपालिकामा बाल संरक्षण सम्बन्धी नीतिको आवश्यकता देखिन्छ । यसैगरी, बालअधिकारको



केदारस्युँ गाउँपालिका

प्रत्याभूति दिनका लागि नेपालले बिभिन्न अन्तरराष्ट्रिय मञ्चहरुमा प्रतिवद्धता जनाएको छ । बालअधिकार सम्वन्धी महासन्धी, नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तराीष्ट्रय प्रतिज्ञा पत्र, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्वन्धी अन्तराष्ट्रिय प्रतिज्ञा पत्र, अपाङ्गता अधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धी लगायत मानवअधिकारसंग सम्वन्धित थुप्रै महासन्धीहरुको नेपाल पक्ष राष्ट्र भएको छ । सोही अनुसार नेपालको सविधानको मौलिक हकभित्रै बालबालिकाको हक समावेश गरिएको छ । यस्तै, संबिधानमा समावेश भएका राज्यका नीतिहरुमा मातृशिशु मृत्यु दर घटाउने, बालश्रम अन्त्य गर्ने, बालबालिकाको पालन पोषण, बालबालिकाको सर्वोत्तम हित जस्ता नीति लिने उल्लेख छ । सोही अनुसार बालबालिका सम्वन्धी कानून, राष्ट्रिय नीति र निर्देशिका समेत जारी भएका छन् । राज्यले गरेको कानूनी एवं नीतिगत व्यवस्थाले बालअधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पनि छ । तर पनि कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा समस्याहरु देखिएका छन् । बालबालिकाका सवालहरु देशभरी उस्ताउस्तै रहेका भएपनि प्राथमिकताको हिसावले राष्ट्रिय सवाल भन्दा यस पालिकाका सवालहरु फरक छन् । स्थानीय तहका बालबालिकाका सवालहरुलाई सम्वोदन गर्न गाउँपालिकाले ठोस नीति हुनु जरुरी छ । बालअधिकारको संरक्षण गर्न देहायका बिषयहरुलाई सम्वोदन गर्न बालसंरक्षण सम्वन्धी नीति आवश्यक भएको छ :

- नेपाल सरकारले निर्माण गरेका नीति तथा कानूनहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।
- गाउँपालिका भित्रका बालबालिकाहरुको अवस्था अध्ययन, अनुसन्धान गरि सुधारका लागि आवश्यक कानून र योजना वनाउन ।
- बाबिवाह, बालश्रम, लगायत बालबालिकामाथी हुने सवै प्रकारका हिंसा एवं दुर्व्यवहार रोक्न ।
- गाउँपालिकामा बालबालिकासंग सम्वन्धित खण्डिकृत तथ्याङ्क संकलन र अद्यावधिक गर्न ।
- बालबालिकाको क्षमता विकास गरि सवै क्षेत्रमा बाल सहभागिता सुनिश्चित गर्न ।
- प्राकृतिक तथा मानवीय व्यवहारबाट जोखिममा परेका बालबालिकाहरुको तत्काल उद्दार गरि आवश्यक सहयोग तथा पुनर्स्थापनाको व्यवस्था गर्न
- बालबालिकाको क्षेत्रमा काम गर्ने संगठनात्मक संरचनाहरुको विकास र सुदृढिकरण गर्न ।
- वालअधिकार प्रवर्द्धनको क्षेत्रमा गरिएका र गर्नुपर्ने कार्यक्रमहरुलाई निश्चित आकार र दिशा दिन ।
- बालअधिकार प्रवर्द्धन अभियानमा सरोकारवालाहरुको प्रभावकारी र दिगो रुपमा सहभागिता जुटाउन ।
- बालबालिकामाथि हुने सबै किसिमका बिभेद, हिंसा र लापरवाहीहरुलाई छिटो र प्रभावकारी रुपमा सम्बोधन गर्न ।
- नेपाल सरकारले जारी गरेका ऐन कानुन कार्यान्वयन गर्न र बाल संरक्षणका सवालहरु सम्बोधन गर्न

केराबारी गाउँपालिका

- बालबालिकाको लागि लगानी योजना निमार्ण गर्न,अवस्थामा परिर्वतन ल्याउन र बालबालिकाको सवोत्तम हित कायम गर्न ।

## ६. नीतिका सिद्धान्तहरू

६.१ **समानताको अधिकार** : प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक-आर्थिक स्तर, क्षमता, वर्ण, शारीरिक अवस्था, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव विनाको समान अधिकार हुनुपर्दछ ।

६.२ **बालबालिकाको सर्वोत्तम हित** : बालबालिकाको विषयमा कुनैपनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।

६.३ **बाल बचाउ र विकास** : प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किई उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।

६.४ **संरक्षण** : बालविवाह, बेचविखन तथा ओसारपसार, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।

६.५ **अर्थपूर्ण सहभागिता** : बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वता अनुरुप उनीहरूको कुरा सुन्ने र आफ्नो बिचार अभिव्यक्त गर्ने अवसर दिनुपर्छ । बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले निर्णय प्रकृयामा सहभागिता बृद्धि भई उनीहरूको महत्व बढाउन योगदान पुग्छ ।

६.६ **राज्यको दायित्व** : नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६–२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लंघन रोकथाम तथा न्यायमा पुहँचको लागि राज्यको क्रियाशीलता बढाउनु पर्ने अवस्था रहेको छ ।

## ६. दुरदृष्टि **(Vision)**

**सुनिश्चित गरौ बाल संरक्षणको अधिकार :सुखी समृद्ध  केदारस्युँ बनाउने पहिलो आधार**

## ७. लक्ष्य **(Mission)**

केदारस्युँ गाउँपालिकामा रहेका सवै वर्ग र समुदायका बालबालिकाहरुलाई सक्षम र योग्य नागरिकको रुपमा व्यक्तित्व विकास गर्न सम्वधित सरोकारवालाहरुले बाल अधिकारको पूर्णउपयोग गर्न सक्ने बातावारण सृजना गर्ने ।

## ८. उदेश्य **( Objectives)**

१) बालबालिका माथि हुने सबै प्रकारका हिंसा, भेदभाव, क्षति उपेक्षा दुर्व्यहार, शोषण, वेचविखन, ओसारपसार , बाल विवाह वा यौन दुर्व्यवहारबाट  संरक्षण गर्ने ।

२) बालबालिकाहरुको हक र अधिकार सम्बन्धि नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

३) जोखिम अवस्थामा रहेका बालबालिकाको अधिकार सुनिश्चित गर्न उद्धार, पुर्नस्थापना, स्वास्थ्य उपचार, कानुनी सहायता, मनोविमर्श सेवा प्रदान गरी सहयोग गर्ने ।

केदारस्युँ गाउँपालिका

४) बाल अधिकार सुनिश्चितताको लागि स्थानीय स्तरमा विभिन्न संयन्त्रको निर्माण गर्ने ।

५)बाल अधिकारको संरक्षण र प्रर्वद्धनको लागि  सरोकावाला  निकायसंग सहकार्य तथा समन्वय गर्ने ।

## ९. बाल संरक्षण सम्बन्धी नीतिहरु

**उद्देश्य नं. १  संग सम्वन्धित  (बालबालिका माथि (हुने सबै प्रकारका हिंसा, भेदभाव, क्षति उपेक्षा दुर्व्यवहार, शोषण, वेचविखन, ओसारपसार , बाल विवाह  र यौन दुर्व्यवहारबाट  संरक्षण गर्ने ।)**

१.गर्भमानै बालबालिकाको लिंग पहिचान गर्ने, लिंगको आधारमा विभेद गर्ने र गर्भ पतन गर्ने कार्यलाई अन्त्य गरिनेछ ।

२. बालबालिकाको पहिचानको अधिकारलाई सुनिश्चित गर्ने एक उपायको रुपमा जन्मदर्तालाई लिईनेछ । गाउँपालिका भित्र जन्मेका वा बेवारिसे अवस्थामा फेला परेका कुनै पनि बालबालिकालाई अनिवार्य रुपमा तुरुन्त जन्मदर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

३.कुनै पनि सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगलाई निषेधित गरिनेछ, विषेश गरी विद्यालय परिसरमा सशस्त्र द्वन्द्व लगायतका राजनैतिक क्रियाकलाप निषेध गरिनेछ ।

४. बालबालिकाको यौन शोषण र यौन दुर्व्यव्यवहारलाई गम्भिर अपराधको रुपमा लिइनेछ ।

५.इन्टरनेट, इमेल, फेसबुक लगायतमा सामाजिक सञ्जाल, मोबाईल जस्ता विद्युतीय सेवा प्रदायकले बाल यौनदुर्व्यहार नहुने गरी मात्र सूचना प्रवाह गर्ने व्यवस्था गरिनेछ  Cyber Crime लाई निरुत्साहित गरिनेछ ।

६.जोखिममा परेका र सिमान्तिकृत बालबालिकाको लागि तत्काल उद्धार र राहत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । जोखिममा परेका बालबालिकाको तुरुन्त उद्धार, राहत र पुर्नस्थापनाका लागि कोषको व्यवस्था गरी परिचालन गरिनेछ ।

७. कुनै पनि प्रयोजनका लागि बालबालिकाको ओसार पसार गर्ने कार्यलाई रोकथाम गर्न थप प्रभावकारी उपाय अवलम्वन गरिनेछ ।

८.बेचबिखन र ओसारपसारबाट उद्धार गरिएका बालबालिकाको सुरक्षाको प्रत्याभूति, उनीहरुको परिवार तथा समुदायमा पुर्नस्थापनाको व्यवस्था गरिनेछ ।

९.परिवार, समुदाय र विद्यालय तहमा बालविवाह न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१०.बाल विवाह न्यूनिकरणको अभियान संचालनमा संचार माध्यम, बालक्लव, युवाक्लव, अभिभावक, शिक्षकलाई क्षमता विकास गरी थप जिम्मेवारीका साथ परिचालन गरिनेछ ।

११. बालविवाह भएको वा हुन लागेको सम्बन्धमा गोप्य रुपमा सूचना दिने संयन्त्रको विकास गरि सूचना दिने व्यक्ति तथा संस्थालाई गोप्य रुपमा पुरस्कृत गर्ने ।

१२.बालविवाहलाई सामाजिक रुपमा वहिष्कारण गर्न अभिभावक, शिक्षक, पुरोहीत, ज्योतिष तथा स्थानीय जनप्रतिनिधिहरुलाई थप जिम्मेवार बनाउने व्यवस्था गरिने ।

१३.बालविवाह भएमा उजुरी गर्ने जिम्मेवार संयन्त्रको विकास गरी कारवाहीको लागि प्रहरी प्रशासनको क्रियाशिलता बढाउन विश्वसनीय वातावरण तयार गरिनेछ ।

१४. बालविवाह रोक्न सरकारी, गैरसरकारी र विकास साझेदार संस्थाहरु वीच समन्वय र सहकार्य गरी संयुक्त कदम चालिने छ ।

१५.बालविवाह मुक्त वडा घोषणा कार्यक्रम संचालन गरि गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्न सामुहिक प्रयास गरिनेछ ।

१६.लागूऔषध एवं अन्य दुर्व्यसनमा लागेका बालबालिकाको उपचार, मनोविमर्श तथा पुर्नस्थापनाका लागि समन्वयात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७.बालबालिकालाई धुम्रपान तथा मध्यपान ओसार पसारमा प्रयोग गर्ने कार्यलाई निषेध गर्न व्यापक जनचेतना अभिबृद्धि गरिनेछ र उक्त कार्य गरे गराएमा कानून बमोजिम कारबाहि गरिने छ ।

१७. बालबालिकाहरुलाई कुनै पनि प्रयोजनका लागि बेचविखन तथा ओसारपसार गर्ने कार्यलाई रोक्न चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१८.वेचविखन तथा ओसारपसार भएका बालबालिकाहरुको खोजी तथा उद्धार गरि सम्मानपूर्वक परिवारमा पुर्नस्थापनाको कार्यक्रम गरिने छ ।

१९. वेचविखन तथा ओसारपसारमा संलग्न पक्षलाई कानुन बमोजिम कारवाही गरिनेछ ।

**उद्देश्य नं. २ संग सम्वन्धित (बालबालिकाहरुको हक र अधिकार सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने । )**

१.सबै तहमा बालमैत्री स्थानीय शुसासनको सुनिश्चित गरिनेछ ।

२. स्थानीय तहले तयार गर्ने नीति, कार्यक्रम र बजेट तर्जुमा प्रक्रियामा बाल सहभागिता प्रवर्द्धन गरिनेछ ।

३. बालबालिकाहरुको अर्थपूर्ण सहभागिताको लागि नीतिगत व्यवस्था र कार्यान्वयनको सुनिश्चितता गरिनेछ ।

४. बालबालिकाहरुको संगठनात्मक क्षमता विकासका लागि प्रत्येक बिद्यालय र समुदायमा बालक्लव गठन गरिनेछ र वडा देखी गाउँपालिका सम्म बालक्लव सञ्जाल गठन गरि परिचालन गरिनेछ ।

५. बालबालिकाको संगठनात्मक व्यवस्थालाई सुदृढ गरिनेछ ।

६. स्थानीय तहको योजना तर्जुमा, कानुन निर्माण प्रक्रियामा बालबालिकाहरुको अर्थपूर्ण सहभागिताको गराइनेछ ।

**उद्देश्य नं. ३ संग सम्वन्धित (जोखिम अवस्थामा रहेका बालबालिकाको अधिकार सुनिश्चित गर्न उद्धार, पुर्नस्थापना, स्वास्थ्य उपचार, कानुनी सहायता, मनोविमर्श सेवा प्रदान गरी सहयोग गर्ने । )**

१ बालश्रम र बाध्यकारी श्रम उन्मुलनका लागि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

२. बालश्रम प्रयोग गर्ने कार्यलाई निरुत्साहीत गर्न होटल, सार्वजनिक निमार्ण, घरेलु काम, पर्यटन लगायतका बालबालिका श्रममा संलग्न हुने क्षेत्रमा नियमित अनुगमन गरि जोखिममा परेका बालश्रमिकहरुको उद्धार गरी पुर्नस्थापना गरिनेछ ।

३. बालश्रमको स्थानीय मापदण्ड बनाइ बालश्रम मुक्त वडा घोषणा गर्दै गाँउपालिकालाई बालश्रम मुक्त घोषणा गरिनेछ ।

४.बाबुआमा दुवै नभइ हेरचाह गर्ने कोही नभएका वा बाबुआमा मध्ये अशक्त भएका वा बाबुआमा मध्ये एक भएपनि पालनपोषण गर्न सक्षम नभएका वा वेवारिसे बालबालिकाको पहिचान गरी दुरुस्त अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

५. अनाथ, असहाय, विस्थापित एवम् जोखिममा रहेका बालबालिकाहरुलाई विशेष संरक्षणका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

६. बाबु आमाको पहिचान नभएका, बेवारिसे, अनाथ, असहाय तथा जोखिममा रहेका बालबालिकाहरुको खोजी, पहिचान, तत्काल राहत, उद्धार र पुर्नस्थापनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

७.परिवार व्यवस्थापनको लागि पारिवारीक शिक्षा, अभिभावकीय शिक्षा, सीप विकास, आयआर्जन कार्यक्रम, मनोविमर्श सेवा तथा निःशुल्क कानुनी सेवा प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

८.अपाङ्गगता भएका बालबालिकाको अभिलेख दुरुस्त राख्ने व्यवस्था गरिने छ ।

९.सार्वजनिक तथा नीजि भौतिक पूर्वाधारमा अपाङ्गगता भएका बालबालिकाको सहज पहुंच बढाउन अपांग मैत्री बनाइनेछ ।

१०. अपाङ्गगता भएका बालबालिकाको लागि दिवा स्याहार केन्द्र संचालन, मानसिक संन्तुलन गुमाएका परिवारबाट विछोडिएका वा संरक्षण हुन नसकेका बालबालिकाको लागि पुर्नस्थापना केन्द्र संचालनको व्यवस्था गरिनेछ ।

११. अपाङ्गगता भएका बालबालिकाका लागि सहायता सामाग्री वितरण, आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने, समाहित शिक्षामा पहुँच वृद्धि गर्ने तथा विशेष शिक्षाको प्रबन्ध गरिनेछ ।

१२. अपाङ्गगता भएका बालबालिकाको क्षमता विकास गर्ने, सहज जीवन निर्वाहको लागि जीवनपयोगी सीप संचालन गरिनेछ ।

१३. बालबालिका माथि हुने घरेलु हिंसा, विभेद, यौन हिंसा, यौन दुर्व्यवहार र शोषणका कार्यहरुलाई अपराधको रुपमा लिईने छ ।

१४. हिंसा, विभेद, दुर्व्यवहार र शोषणमा परेका बालबालिकाहरुलाई न्यायको प्रत्याभुति गराउन निः शुल्क कानुनी सेवा, मनोविमर्श सेवा, सुरक्षित घर (सेफ हाउस) संचालन, साथै अन्य संरक्षणका कार्यक्रमको व्यवस्था गरिनेछ ।

१५. बालहिंसा रहित परिवार र समाज निर्माणको लागि शुन्य सहनशिलता नीति अपनाइने छ साथै बाल संरक्षण सम्बन्धी कानुनहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१६. किशोर किशोरी शिक्षा, विद्यालयमा घरेलु प्याड निमार्ण, प्रयोग र व्यवस्थापन गरिने छ ।

१७ .सबै प्रकारको बाल हिंसा न्यूनिकरणका लागि मदिरा नियन्त्रण अभियान संचालन गरिनेछ ।

**१८.** छाउपडी प्रथा तथा अन्य हानिकारक संस्कार निरुत्साहित गर्न विशेष अभियान संचालन गरिनेछ । छाउपडी मुक्त वडा घोषणा गर्दै छाउपडी प्रथा मुक्त गाउँपालिका घोषणा गरिनेछ ।

१९. छोरीको जन्म अगाडी र जन्मपछि हुने विभेदलाई निरुत्साहित गरिनेछ साथै भ्रुणको पहिचान र भ्रुणहत्या गर्नेलाई कानुनी कारवाहीको लागि पहल गरिनेछ ।

२०. परम्परागत हानिकारक संस्कार अन्त्यको लागि धामीझाक्री र पुरोहीतलाई तालिम दिइ समुदायमा परिचालन गरिनेछ ।

**उद्देश्य नं. ४ संग सम्वन्धित (बाल अधिकार सुनिश्चितताको लागि स्थानीय स्तरमा विभिन्न संयन्त्रको निर्माण गर्ने ।)**

१. घर, विद्यालय वा अन्य कुनैपनि स्थानमा बालबालिका माथिहुने शारीरिक तथा मानसिक दण्ड सजाय तथा यातनालाई निरुत्साहित गर्न वडा र गाउँपालिकामा बाल संरक्षण संयन्त्रको निमार्ण र प्रयोग गरिनेछ ।

३. वडा, विद्याल र गाउँपालिकामा बाल क्लब, किशोर किशोरी सञ्जाल, गुनासो सुनुवाई संयन्त्रको विकास गरिनेछ ।

४.बालबालिकालाई सबै प्रकारका हानीबाट जोगाउन विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय तहमा आवश्यक संयन्त्र निर्माण, क्षमता विकास र परिचालन गरिनेछ

५. बाल अधिकार समितिको स्थायित्व र बाल संरक्षणका संयन्त्र विकासको लागि नियमित बजेट वियोजन एवं सहकार्यका कार्यक्रमहरु संचालन गरिनेछ ।

६. तत्काल उद्धार तथा पुर्नस्थापनाको लागि बाल हेल्पलाईन सेवा संचालन गरिनेछ ।

७. बाल उद्धार कोषको स्थापना गरी बाल अधिकार समितिको जिम्मेवारीमा संचालन गरिनेछ ।

७. गाउँपालिकाले बाल संरक्षणका सवालहरुको पहिचान तथा विश्लेषणको लागि तथ्यांक संकलन र अद्यावधिक गरिनेछ ।

८. गाँउपालिका स्तरिय बाल प्रोफाइल तयार गरिनेछ ।

१०. वडा र गाउँपालिकामा बालअधिकार समितिहरु गठन गरिने छ ।

११. बालबालिकाको अवस्था अनुगमन/मुल्याङ्कनका लागि प्रभावकारी संयन्त्र निर्माण गरिनेछ ।

**उद्देश्य नं. ५ संग सम्वन्धित (बाल अधिकारको संरक्षण र प्रर्वद्धनको लागि सरोकावाला निकायसंग सहकार्य तथा समन्वय गर्ने ।)**

१. सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायमा बाल संरक्षण सम्बन्धी आचारसंहिता बनाई लागु गरिनेछ ।

२. संघीय सरकार, प्रादेशिक सरकार, प्रदेश स्तरिय बाल अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषद, जिल्ला अदालत, बालबालिका सम्बन्धि काम गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था तथा सरोकारवाला व्यक्तिहरुसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरिनेछ ।

३. बालबालिकाको लागि सार्वजनिक निकाय र शैक्षिक संस्थाहरुमा बालमैत्री वातावरणको सुनिश्चिता गर्न समन्वय र सहकार्य गरिनेछ ।

४. गाउँपालिका भित्रका भौतिक संरचनाहरुलाई बालमैत्री वनाउने नीतिगत व्यवस्थाको सुनिश्चिता गरिनेछ ।

५. सेवा प्रदायक, बालबालिका र जिम्मेवार निकायहरु बाल अधिकारको संरक्षण सम्बन्धमा संवेदनशिलता र जवाफदेहिताको विकास गरिनेछ ।

६. बाल अधिकारका विषयवस्तु, बाल संरक्षण नीति कार्यक्रमलाई स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ ।

७. बालमैत्री स्थानीय शासन समिति, बाल अधिकार समिति, वडा बालअधिकार समिति, लगायत स्थानीय स्तरका संयन्त्रहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

**८.नीतिको कार्यान्वयन**

क) बाल संरक्षण नीति कार्यान्वयनको लागि स्थानीय तहको बाल संरक्षण प्रणाली, संस्थागत संरचनाको विकास गरी दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

ख) नीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि संघीय सरकार, प्रादेशिक सरकार, सरोकार मन्त्रालय, प्रदेश स्तरिय बाल अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषद, जिल्ला अदालत, स्थानीय तहका बाल अधिकार समिति, वडा स्तरिय बाल अधिकार समिति लगायत बालबालिका सम्बन्धि काम गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्था तथा सरोकारवाला व्यक्तिहरुसँग आवश्यकता अनुसार समन्वय गरिनेछ ।

ग) बाल संरक्षण नीति कार्यान्वयनको लागि बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ को उपदफा (१) बमोजिम बालबालिको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा बाल संरक्षण

केराबारी गाउँपालिका

कार्य समेत गर्नका लागि एकजना बाल कल्याण अधिकारी रहेछ । बाल कल्याण अधिकारीको नियुक्ति, काम कर्तव्य र अधिकार तथा सेवाको सर्त लगाएत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

घ) बाल संरक्षण नीति कार्यान्वयनको लागि बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा २ बमोजिम गाउँपालिका अध्यक्ष संरक्षक रहने गरी केदारस्युँ गाउँपालिकामा देहाय वमोजिमको बाल अधिकार समिति गठन गरिनेछ ।

**१. गाउँपालिका स्तरीय बाल अधिकार समिति गठन**

(क) गाउँपालिकाको उपाध्यक्ष : संयोजक ।

(ख) नौ वटै वडा बाल अधिकार समितिका संयोजकहरु : सदस्य

(ग) शिक्षा शाखा प्रमुख : सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख : सदस्य ।

(घ) बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरु मध्येबाट १ जना : सदस्य ।

(ङ) पालिका स्तरको बालसञ्जालको संयोजक र एक जना महिला सदस्य समेत २ जना : सदस्य ।

(च) प्रममुख प्रशासकिय अधिकृत १ जना : सदस्य ।

(छ) आदिवासी, जनजाती, अल्पसंख्यक, अपाङ्गता, दलित तथा पिछडिएका वर्गसमुदायको यथा सम्भव प्रतिनिधित्व हुनेगरी कम्तिमा १ महिला सहित २ जना : सदस्य ।

(ज) गाउँपालिकाको केन्द्रमा रहेको प्रहरी कार्यालयको प्रमुख : सदस्य ।

(झ) बालबालिका शाखा हेर्ने व्यक्ति वा बाल कल्याण अधिकारी : सदस्य सचिव ।

**२. बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार**

(क) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालबालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र बाल पार्शवचित्र निर्माण गरी गाउँपालिकामा पेश गर्ने । गाउँपालिकाको बालबालिका सम्वन्धि नीतिगत निर्णयहरु गर्ने ।

(ख) बालबालिका सम्वन्धी योजनाहरुको अन्तिम निर्णय गर्ने ।

(ग) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । सम्बन्धीत संस्थाहरुलाई आवश्यक कार्यक्रम संचालनको लागि परामर्श, सुझाव तथा निर्देशन दिने ।

(घ) गाउँपालिकामा भएका बालबालिका सम्वन्धी समग्र कार्यहरुको अनुगमन गर्ने ।

(ङ) गाउँपालिकामा बालमैत्री स्थानीय शासनका लागि तोकिएका सूचकहरु पुरा गर्नका लागि नेतृत्व तथा सहजिकरण गर्ने ।

(च) गाउँपालिकामा बाल कोषको स्थापना र संचालन गर्ने ।

(छ) बाल अधिकार हननका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

(ज) अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने

(ट) बालबालिका सम्बन्धी प्रचलित ऐन कानुनले तोकेका सम्पूर्ण कार्यहरु सम्पादनका लागि समन्वय तथा सहकार्य गर्ने ।

(ठ) गाउँपालिकामा बालबालिका सम्बन्धी योजना निमार्ण, अनुगमन, मूल्यांकन, प्रगति पेश गर्ने ।

**३. समितिको वैठक सम्बन्धी कार्यविधिः**

(क) समितिको वैठक प्रत्येक ३ महिनामा कम्तीमा एक पटक वा आवश्यकता अनुसार बस्न सकिनेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) गाउँपालिका स्तरीय बालअधिकार समितिको पदावधि ५ वर्षको रहने छ ।

**४. वडा बालअधिकार समितिको गठन**

(क) वडा अध्यक्ष : संयोजक ।

(ख) शिक्षकहरु मध्येबाटः १ जना सदस्य ।

(ग) महिला स्वास्थ्य स्वयम्सेविकाहरु मध्येबाट १ जनाः सदस्य ।

(घ) सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरु र समूह मध्येबाट १ जनाः सदस्य ।

(ङ) विद्यालय व्यवस्थापन समितिबाट १ जनाः सदस्य ।

(च) वडा बालक्लव संजालबाट कम्तिमा १ बालिका सहित २ जनाः सदस्य ।

(छ) आदीवासी, जनजाती, अल्पसंख्यक, अपाङ्ग, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरि कम्तिमा १ महिला सहित ३ जनाः सदस्य ।

(ज) वडा सचिव : सदस्य सचिव ।

**५. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार**

(क) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल समुह, बाल अधिकार समिति लगायतको फेहरिस्त तयार पार्ने र आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) स्थानीय तहका विभिन्न निकाय र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमको तर्जुमा गर्ने, कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने, कार्यक्रमको रेखदेख गर्ने, अनुगमन, मुल्याङ्कन गर्ने र प्रगति प्रतिवेदन गाँउपालिकामा पेश गर्ने ।

(घ) बालअधिकारको संरक्षण र सम्वर्द्धनको लागि कार्यक्रम संचालन गर्ने गराउने

(ङ) बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

(छ) जोखिममा रहेका बालबालिकाको उद्धार र पुर्नस्थापनाको लागि आवश्यक समन्वय तथा सहयोग गर्ने ।

(ज) प्रचलित कानुन बमोजिम बालबालिकाका अन्य कार्यक्रमहरु संचालन गर्ने गराउने ।

**६. वडा समितिको वैठक सम्बन्धी कार्यविधिः**

(क) समितिको वैठक कम्तीमा ३ महिनाको एक पटक वा आवश्यकता अनुसार बस्न सक्नेछ ।

(ख) वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) बैठकमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) वडा बाल अधिकार समितिको पदावधि ५ वर्षको रहने छ ।

**९. अनुगमन र मुल्याङ्कन**

गाउँपालिकाले बालसंरक्षण नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि गाउँपालिकाको प्रमुखको संयोजकत्वमा, बालअधिकारकर्मी, सामाजिक कार्यकर्ता, गैरसरकारी संस्थाको प्रतिनिधि, कानूनविद्, मनोसामाजिक विशेज्ञ सहित बालमैत्री स्थानीय शासन हेर्ने फोकल पर्सन सदस्य सचिव रहने गरी अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ । उक्त समितिले आफ्नो कार्यबिधि आफैं तय गर्नेछ । अनुगमन तथा मूल्याङ्कनमा समितिको प्राप्त सुझाव सल्लाहका आधारमा नीतिमा समय सान्दर्भिक परिमार्जन तथा संशोधन गरिनेछ ।

क) बाल संरक्षण नीतिको कार्यान्वयन तथा बाल संरक्षणका कार्यक्रम अनुगमन र मूल्यांकनको लागि पालिका स्तरमा एक अनुगमन समिति रहनेछ ।

ख) अनुगमन समितिको प्रतिवेदन अनुरुप प्राप्त सुझावहरुलाई कार्यक्रममा सम्बोधन गरिनेछ ।

ग) नागरिक समितिको आँखाबाट हेर्दा प्राप्त भएका सुझावहरु समेतलाई महत्वपूर्ण स्थान दिइनेछ

**१०. संस्थागत व्यवस्था र क्षमता विकास**

बालबालिकाको जन्म दर्ता गर्न स्थानीय पञ्जिकाधिकारिको क्षमता विकास गरी सक्रियता बृद्धि गरिनेछ । जन्म दर्ता गर्न र परिवार विहिन, र वेवारिसे बालबालिकाको अभिलेख राख्ने कार्यका लागि संस्थागत क्षमता विकास गरिनेछ । सडक बालबालिकाको उद्धार, पुनर्स्थापना र सामाजिकीकरणका लागि संचालित कार्यक्रमलाई थप प्रभावकारी बनाउन बनाउदै लगिनेछ ।

गाउँपालिकाले वडा तहमा बाल अधिकारको विषयमा प्रभावकारी सुपरीवेक्षण र समन्वय गर्ने र बाल अधिकार संरक्षण सम्बन्धी क्रियाकलापको समन्वय गर्ने निकायका रुपमा सुदृढ गरिनेछ । बाल न्यायसँग सम्वद्ध प्रहरी र सरकारी वकिल कार्यालयलाई साधन सम्पन्न बनाई क्षमता विकास गरिनेछ । समुदाय तहसम्म बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन, समन्वय, सहकार्य तथा पैरवी गर्न सम्बन्धित विषयका गाउपालिकामा काम गर्ने कर्मचारी विकासका साझेदार निकायहरु र बाल क्लव वा बालबालिकाको संघसंस्थाका प्रतिनिधिहरुको संयुक्त सञ्जाल विकास गरिनेछ । यस बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्न विषयगत क्षेत्र, स्थानीय संघ संस्था विकासका साझेदार र नागरिक समाजसँग आवश्यक सहकार्य गरिनेछ ।

बाल संरक्षणमा कार्य गर्ने निकायहरु तथा संस्थाहरुको मानवीय र भौतिक रुपले साधन सम्पन्न बनाई क्षमता अभिबृद्धि गरिनेछ ।गाउँपालिकामा रहेको बालमैत्री कक्षलाई प्रविधि र पूर्वाधार युक्त बनाइनेछ र संघसंस्थामा सूचना सञ्जालको निर्माण गरिनेछ । बालबिवाहलाई निरुत्साहित गर्न बालक्लब, बालअधिकार समिति, स्थानीय स्तरमा रहेका बालसंरक्षण संयन्त्रलाई बालबिवाह बिरुद्ध आ-आफ्नो ठाउँबाट कानुन कार्यान्वयनका लागि वकालत गर्ने संस्थाको रुपमा विकास गरिनेछ । बालबालिकाको खोजतलास तथा अन्य परामर्श र सहयोगका लागि बाल हेल्पलाईनहरु १०९८, र १०४ लाई कियाशील गराईने छ । गाउँपालिकामा बाल अधिकार समिति तथा वडा बालअधिकार समिति लगाएतका संयन्त्रहरुलाई क्रियाशील गराइनेछ । कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ । गाउपालिकाको बालअधिकार समितिलाई बालसंरक्षण सिफारिस प्रणालीको आधार बिन्दुको रुपमा विकसित गरी सरोकारवाला निकायसँगको सहकार्यमा थप प्रभावकारी बनाइनेछ ।

**११. नीतिको प्रचार प्रसार तथा कार्यान्वयन**

केदारस्युँ गाउँपालिकाले बालसंरक्षण नीति पारित गरे पश्चात पालिकाका प्रत्येक वडाहरु, समुदाय र घरघरसम्म यसका बारेमा जानकारी गराउनका लागि व्यापक प्रचारप्रसार गरिने छ । त्यस्तै संयुक्त राष्ट्रसंघीय निकायहरु, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय एवम् स्थानीय गैससबाट सञ्चालन गरिने कार्यक्रमबीच समन्वय गरी बालसंरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरिने छ । आवश्यकता अनुसार बालसंरक्षण सम्बन्धी विषयवस्तुमा ध्यान दिनको लागि गाउपालिकाको महिला तथा बालबालिका हेर्ने शाखा प्रमुखलाई जिम्वेवारी तोकी नीतिको कार्यान्वयनमा जोड दिइनेछ । गाउँपालिकाको प्रत्येक वडाहरुका कार्यक्रममा बालसंरक्षण सम्बन्धी गतिविधिहरु थप्न र विस्तार गर्नका लागि सहजीकरण गरिने छ । गाउँपालिका भित्र बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकाय वा संस्थाहरुबीच कार्यगत क्षमता अभिबृद्धि गर्नको लागि सञ्जाल विकास गरिनेछ । सरकारी निकायहरु विषेशत जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, अन्य स्थानीय तहहरुसँगका साथै उपभोक्ता समूहहरु र विकासका साझेदारहरुबीच कार्यक्रमको प्रकृतिअनुसार

केदारस्युँ गाउँपालिका

सहकार्य तथा समन्वयात्मक कार्यशैली अवलम्बन थप सहयोग लिईनेछ । आवश्यक मात्रामा बालसंरक्षणका सवालमा थप ध्यान दिनको लागि समितिहरुको गठन गरी कार्यक्रममा समन्वय गरिनेछ र कार्यान्वयनमा जोड दिइनेछ ।

## १२. नीति पुनरावलोकन

गाउँपालिकाबाट जारी गरिएको यस बालसंरक्षण नीतिलाई थपघट गर्नु परेमा आवश्यकता अनुसार तर प्रत्येक ५ वर्षमा अनिवार्य नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको स्वतन्त्र रुपमा मूल्याङ्कन गरी नीतिमा समयसापेक्ष पुनरावलोकन तथा सुधार गरिनेछ ।

***

केदारस्यूँ गाउँपालिका